# विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय

## Vidushi Yogmaya Himalayan Ayurveda University

खाँदबारी , संखुवासभा, कोशी प्रदेश, नेपाल
**Khandbari, Sankhuwasabha, Koshi Province, Nepal**

**Ref No.:** 49/82/83

### घर भाडामा लिने सम्बन्धी पन्ध्र दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/५/२१

यस विश्वविद्यालयको केन्द्रीय कार्यालय प्रयोजनका लागि हाल उपलब्ध भवन अपर्याप्त भएकोले बढिमा एक बर्ष वा आफ्नै घर भवनका संरचनाहरू तयार नभएसम्मकालागि तपशिल बमोजिमको मापदण्ड भित्रको घर भाडामा लिनुपर्ने हुँदा इच्छुक घरधनीबाट यस विश्वविद्यालयको केन्द्रीय कार्यालय खाँदबारी स्थितमा यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समयमा रीत पूर्वकको निवेदन पेश गर्न सम्बन्धीत सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

**तपसिल**

१. भाडा लिनुपर्ने घर सङ्खुवासभा, खाँदबारी नगरपालिकामा विश्वविद्यालयको जग्गा रहेको ढुङ्गेबिसाउनी आसपासको सघन वस्ति भएको सुरक्षित क्षेत्रभित्रमा हुनु पर्नेछ।

२. चारैतिर कम्पाउन्ड वालले घेराबार भएको हुनु पर्नेछ,

३. कम्तिमा चार- पाँच वटा चारपाङ्ग्रे गाडी पार्किङ गर्न पुग्ने पार्किङ्ग सुविधा भएको हुनु पर्नेछ,

४. प्राविधिक दृष्टिकोणले उपयुक्त र प्राकृतिक दृष्टिकोणले जोखिम रहित हुनु पर्नेछ,

५. घरमा विद्युत, धारा, पानी शौचालयको सुविधा भएको हुनु पर्ने र कम्तिमा तीवटा कोठमा Attach Bath room सहितको सौचालय सुविधा भएको घरधनिले बनाइदिन सक्ने हुनु परनेछ,

६. घरमा कार्यालय संचालनको लागि उपयुक्त १०/१२ कोठा भएको हुनु पर्नेछ,

७ आफूले भाडामा दिन चाहेको घरजग्गाको भाडा दर कति हो ? घर बहाल कर सहित (मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।)

८. नियमानुसारको घर बहाल कर घरधनिले नै तिर्नु पर्नेछ,

९. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस विश्वविद्यालयमा निहित हुनेछ ।

१०. अन्य कुराहरू यस विश्वविद्यालयले तोके बमोजिम हुनेछ,

११. निवेदन पेश गर्ने अन्तिम (पन्ध्रौ) दिन सार्बजनिक विदा पर्न गएमा सो विदा पछि कार्यालय खुल्नेदिन कार्यालय समय भित्र निवेदन दर्ता गर्न सकिनेछ।

**११ निवेदनसाथ पेश गर्नु पर्ने प्रमाण कागजहरु**

(क) घरधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि,
(ग) कि.नं. स्पष्ट देखिएको नापी नक्साको प्रति,
(घ) सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, विजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपि।

डम्बर ध्वज चेम्जोङ
रजिष्ट्रार



CamScanner